**मिति २०७६/७/२५ गते नगर कार्यापालिका बैठकका प्रस्तावहरू**

१. १० लाख र सो भन्दा माथिका योजना कार्यान्वयन सम्बन्धमा ।

२. सुर्वणखालको विद्यालयको खाता फुकुवा सम्बन्धमा ।

३. शिक्षा समितिमा मनोनयन सम्बन्धमा ।

४. शिक्षाको वार्षिक कार्य योजना स्वीकृती सम्बन्धमा ।

५. खोप तालिम सञ्चालन सम्बन्धमा ।

६. सामग्री खरिद सम्बन्धमा (पाइप लगायत) ।

७. सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीलाई मासिक ज्यालदारीमा कामकाज लगाउने सम्बन्धमा ।

८. निजामति बाहेकका अन्य स्थायी कर्मचारीको तलवी प्रतिवेदन सम्बन्धमा ।

९. कार्यदल गठन गर्ने सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १

१० लाख र सो भन्दा माथिका योजना कार्यान्वयन सम्बन्धमा।

आ.व. २०७६/०७७ मा विनियोजित रु १० लाख भन्दा बढीका योजनाहरू ठेक्का प्रक्रिया बाट कार्यान्वयन गर्ने र रु १० लाख वा सो भन्दा कम रकमका योजनाहरू वडाले अनुरोध गरेमा ठेक्काबाट र सो नभएमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

सुर्वणखालको विद्यालयको खाता फुकुवा सम्बन्धमा. ।

मिति २०७६ असोज ८ को बैठकबाट रोक्का गरिएको महेन्द्र आधारभुत विद्यालय वडा नं. १ को बैंक खाता कार्यरत शिक्षक कर्मचारीको तलवलाई ध्यानमा राख्दै फुकुवा गर्ने र निर्णय कार्यान्वयन नगर्ने प्र.अ. लाई कानुन बमोजिम कारवाहीको प्रक्रिया शुरूवात गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

शिक्षा समितिमा मनोनयन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा ९ बमोजिमको नगर शिक्षा समितिमा देहाय बमोजिमका सदस्यहरूलाई मनोनयन गर्ने निर्णय गरियो ।

(क) उपदफा २ को 'घ' बमोजिम

भिम बहादुर के.सी. वडाध्यक्ष

कमला वेल्बासे कार्यपालिका सदस्य

(ख) उपदफा २ को झ बमोजिम जनजागृति माध्यमिक विद्यालयका प्र.अ. रोमाखर बञ्जाडे र शिव आधारभु विद्यालयका प्र.अ. सरिता वि.सी.

(ग) उपदफा २ को ट बमोजिम अपाङ्ग सम्बन्धी काम गर्ने संस्थाबाट तारापति वि.सी.।

निर्णय नं. ४

नगर सभाबाट एकमुष्ठ बजेट विनियोजन गरिएका शिक्षा, कृषि, लगायतका विषयगत शाखाहरूको वार्षिक कार्यक्रम नगर प्रमुखबाट स्वीकृत गर्ने गरी अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

खोप तालिम सञ्चालन सम्बन्धमा ।

नगरपालिकाको आन्तरिक स्रोतबाट नियुक्त भएका सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत प्राविधिक कर्मचारीहरूलाई खोप सञ्चालनको लागि आवश्यक पर्ने तालिम चालु खर्च तर्फको सीप विकास तालिम गोष्ठी शिर्षकबाट कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

सामग्री खरिद सम्बन्धमा (पाइप लगायत) ।

वडा तथा नगरबाट वितरण गरिने टिन,पाईप,जाली लगायतका समाग्री वितरण कार्यविधि तयार गरी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीलाई मासिक ज्यालदारीमा कामकाज लगाउने सम्बन्धमा ।

सामुदायिक स्वास्थ्य केन्द्रमा गत वर्ष देखी कार्यरत  कर्मचारीहरूलाई निजहरूले कार्य गरेको कार्य दिनको आधारमा २०७६ श्रावण १ देखी लागु हुने गरी मासिक ज्यालादारीमा कामकाज गराउने र अन्य थप दुई जना प्राविधिक कर्मचारी लाई मासिक ज्यालादारीमा नियुक्त गरी कामकाज गराउने निर्णय गरियो ।

निर्णय नं. ८

निजामति बाहेकका अन्य स्थायी कर्मचारीको तलवी प्रतिवेदन सम्बन्धमा ।

यस न.पा.मा कार्यरत लेखा अधिकृत (अधिकृत सातौं) श्री अर्जुन प्रसाद नेपाल,सव इन्जिनियर (सहायक पाचौं) श्री हुम बहादुर लामिछाने, (सहायक स्तर पाचौं) श्री नुमलाल खनाल र सहायक स्तर पाचौं श्री मोदनाथ ज्ञवालीको आ.व. ०७६/०७७ को तलवि प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

सिमेन्ट उधोगि सँग राजस्व लगायतको विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नगर प्रमुखको संयोजकत्वमा नगर उप प्रमुख प्रमुख, प्रशासकीय अधिकृत र वडा नं. ७,८,९ र ११ का वडाध्यक्ष रहेको सात सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

**मिति २०७६/८/१८ गते नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१) निजि जग्गाबाट निकालिने ढुङ्गा गिटि वालुवा तथा माटो लगायतका सामाग्रीको व्यवस्थापन सम्वन्धमा

२) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट सम्वन्धमा ।

३) आधारभुत स्वास्थ्य केन्द्र भवन वडा नं ४ र ११ को निर्माण सम्झौता सम्वन्धमा ।

४) वडा भवन बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन गर्ने सम्वन्धमा ।

५) राष्टपति चुरे कार्यक्रम सम्वन्धमा ।

६) टिक्करी मौवावारी खयरभट्टी वनकसवासा मोटरबाटो उपभोक्ता समिति मार्फत गराउने सम्वन्धमा ।

७) गुडुङ्ग खोला साना जलविद्युत आयोजना निजि क्षेत्र सँग सहकार्य गर्ने सम्वन्धमा ।

८) स्वास्थ्य संस्थाहरुको प्रशासनिक खर्च सम्वन्धमा ।

९) पूर्व शिक्षक सुरेश कुमार खड्काको निवेदन सम्वन्धमा ।

१०) वास प्लान निर्माण सम्वन्धमा ।

११) प्रतिलिपी दस्तुर सम्वन्धमा ।

**निर्णयहरु :**

१. नगरपालिका भित्रका निजी जग्गाहरुवाट ढुङ्गा गिट्टी वालुवा तथा माटो निकाली विक्रि गर्न चाहने व्यक्ति वा संस्थाले निजी प्रयोजनका लागि आवश्यक भएमा सम्बन्धित वडा कार्यालयले हेरीबुझी तोकिएको राजश्व लिइ अनुमती दिने तथा उपभोक्ता समिती, ठेक्का वा अन्य योजनाको लागि लैजान चाहेमा सम्बन्धित आयोजनाको लागत इष्टिमेटको आधारमा सोही परिमाणको रोयल्टी बुझाइ सकेपछि मात्र अनुमती दिने निर्णय गरियो ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निम्न श्रममूलक योजनाहरुको इष्टिमेट तयार गरी सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| स.न | योजनाहरु | वडा नं. | अनुमानित लागत |
|---|---|---|---|
| १. | ठाडा स्वास्थ्य चौकिको दाया बाया खोल्सीमा जालि भर्ने | नगरस्तरिय | २५,००,००० |
| २ | १ डाँडा गरा ,जाडी सुवर्णखाल सिताई | वडा नं. १ | ३०,००,००० |
| | ३ सितापुर सुवणखालल घर्तीसार नेटापोखरा मोटर बाटो निर्माण | | २५,००,००० |
| | ४चौपारी भेडावारी मोटर बाटो निमार्ण | | १०,००,००० |
| | ५ धौया चौर दाटाका चौपारी धनमुडा दुमै घाट बग्र जाने बाटो निर्माण | | १०,००,००० |
| ३ | १ भुवनपाटा मुलावार टोल पाल्लेटोल ,पातलटोल सडक निर्माण | वडा नं.२ | १०,००,००० |
| | २ आम्लीवास घोरवन्दा साडक | | ५,००,००० |
| | ३ स्रिख ,घोरवन्दा मसिना,खन्याक सडक | | १०,००,००० |
| | ४ वडाचौरकोडाडा,सीमलचौर सुवर्णखाल सडक | | १०,००,००० |
| | ५ झिरौ,पाडेरी,अदम्बर,घोरबास वाणगंगा सडक निर्माण | | १०,००,००० |
| ४ | १ झगरा कुलो निमार्ण तथा ममंत | वडा नं.३ | १०,००,००० |
| | २ मुस्लेघाट पतमे खानेपानी | | ५,००,००० |
| | ३ ठाडा साहुटोला खानेपानी योजना | | ५,००,००० |

| | | | |
|---|---|---|---|
| | | | ५,००,००० |
| | ४ वडा नं. ३ का विभिन्न साखा बाटोमा नाली खन्नेकार्य | | ५,००,००० |
| | ५ मुलखोला कैलासे खानेपानी | वडा नं.४ | २०,००,००० |
| ५. | १ कोप्चेवास गंगा उपल्लो मरेङ्गघाट पुराना गाँउ तल्लो मरेङ्गघाट र भाविनी पदमार्ग | | १०,००,००० |
| | २ काफल पाटा , चौदटोड्के खार हात्तीढुङ्गे कृषि सडक गोरेटो बाटो | | २०,००,००० |
| | ३ सानादह, खाल, पोखेडाँडा,कोप्चेवास ,गंगाफाट चाक्ला, खन्दादिक, रातामाटा र थाम्कोट र भावनी चाक्ला हात्तिढुङ्ग र गोर्गाथुम ,चेउखाए नाली निर्माण | वडा नं.५ | २०,००,००० |
| ६ | १ पोखरी भ्याक्री भकेनी मोटर बाटो भुमिकास्थान नगरपालिका १० मा जोड्ने | | १०,००,००० |
| | २ करापु कराबेसी शितगंगा नगरपालीका १० मा जोड्ने | वडा नं.६ | २५,००,००० |
| ७ | १. ठूलाढुंगे ठाटीचौर मोटर बाटो निर्माण | | १५,००,००० |
| | २ बाँक्सेचौर कलमकोट मोटर बाटो निर्माण | | १५,००,००० |
| | ३. अधिकारी भनभने मोटर बाटो निर्माण | वडा नं. ७ | ५,००,००० |
| ८. | १. अमिले चौर कुलो सिचाई बाध निर्माण | | १०,००,००० |
| | २ पाखाचौर कुलो बाध निर्माण | | १०,००,००० |
| | ३ कलेरे सामुदायिक भवन निर्माण | | ५,००,००० |
| | ४ खन्य पानी मानाचौर गोरेटो बाटो निर्माण | | १०,००,००० |
| | ५ फुर्स कुलो सिचाई तथा बाध निर्माण | | १०,००,००० |
| | ६ जलुके ऐरावति पत्नजलि गोरेटो बाटो निर्माण | | १०,००,००० |
| | ७ लामाताल सामुदायिक भवन निर्माण | वडा नं. ८ | २०,००,००० |
| ९ | १ लापेका साखा बाटोमा नाली पक्कि | | २०,३०,००० |
| | २ घोद्रे,फुकिसल्ली सडक पक्कि नाली निर्माण | | २०,३०,००० |
| | ३ तिनखन्डे चरीङ्गे सडक नाली | | २०,००,००० |
| | ४ आपचौर डम्रेखर्क दबसु सुनघाट पक्की नाली निर्माण | | २०,००,००० |
| | ५ बढिदमार छतिवल वेलौते पक्की नाली निर्माण | वडा नं. ९ | १०,००,००० |
| १० | १ धोखोला हुदै बसेना विद्यालय सडक निर्माण | | १५,००,००० |
| | २ तल्लो सिद्धारा कानाचौर सडक निर्माण | | ५०,००,००० |
| | ३ नयाबस्ती खारघाट सिन्चाई | | १५,००,००० |
| | ४ जडपाटा कार्तिके लौरी सडक निर्माण | | १५,००,००० |
| | ५ चिउरीघरी तिनखण्डे रंगले भोलुगोपुल सम्म सडक निर्माण | | १५,००,००० |
| | ६ करमगैरा वरादह डयाम हुदै दह मन्दिर सम्म सडक निर्माण | | १५,००,००० |
| | ७ कणेनी ठाडाखोला सिचाई | वडा नं.१० | ५,००,००० |
| ११ | १ शितगंगा १० का काठाखोला ,वाटुले,भाम्टेपाटा कुलो तथा बाध निर्माण | | ७,००,००० |
| | २ शितगंगा १० का मोटर बाटो सोलिङ्ग तथा नाली खन्ने कार्य | वडा नं.११ | १०,००,००० |
| १२. | १ चावेनेटा धौलेपाटा बोक्से गाईघाट सामवाटे बाटो निर्माण | | १०,००,००० |
| | २ खयरभट्टी चेलखोला हुदै बनकस वास गोरेटो बाटो निर्माण | | १०,००,००० |
| | ३ चावेनेटा सिमलदिप जनमुखि आधारभुत विद्यालय खर्क गोरेटो बाटो निर्माण | | ५,००,००० |
| | ४ धानखोला चमेरागुफा गोरेटो बाटो निर्माण | | २०,००,००० |
| | ५ चावेनेटा सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण | | २०,००,००० |
| | ६ वाके ढोडेनी सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण | | १५,००,००० |
| | ७ फोर्सल मुल खर्क गोरेटो बाटो | | १५,००,००० |
| | ८ ढुङ्गेसेरा लुग्रीहुदै फोर्सल गोरेटो बाटो निर्माण | वडा नं.१२ | २०,००,००० |
| १३ | १ देउराली घाटदेखी जयकोट पर्यटकिय स्थल जोड्ने गोरेटो बाटो निर्माण | | २०,००,००० |
| | २. दमार बाल ज्योती आवासिय विद्यालय देखि खुम्चिकोट खल्याखर्क सम्म गोरेटो बाटो | | १०,००,००० |
| | ३ मजुरे डाँडा घाट देखि टिक्करी स्कुल जाने गोरेटो बाटो निमार्ण | | १०,००,००० |
| | ४ खल्याखर्क पहिरो नियन्त्रण बाध निर्माण | | २०,००,००० |
| | ५ साइवासे कुडुले डोहोटे पक्की कुलो निर्माण | वडा नं.१३ | ३०,००,००० |
| १४ | १ जहखोला वग्र कृषि सडक निर्माण | | ३०,००,००० |
| | २ दर्जिटोल लेकाली टोल बडे दमार कृषि सडक | | २०,००,००० |
| | ३ तारेढुङ्गा कोइडाँडा मोटर बाटो निर्माण | | २५,००,००० |
| | ४ डाँडवा पारे मुसिवान मोटर बाटो निर्माण | | १५००००० |
| | ५ सलेन्धारा नेटाखर्क बगाहा गंगा कृषि सडक निर्माण | | |

| | | | |
|---|---|---|---|
| | | वडा न.१४ | ५,००,००० |
| १५. | १ वौरी माईकाथाना पद मांग | | १३,००,००० |
| | २ ओडारपाटा काउले पद मांग | | ८,००,००० |
| | १ पावरा विक्रम वठेनी खेल मैदान निर्माण | | ३,००,००० |
| | ३ मुन्दिवास करेचली मोटर बाटो | | ५,००,००० |
| | ४ सुखौरा प्रतिक्षलाय मोटर बाटो निर्माण | | ५,००,००० |
| | ४ पावरा देउराली घाट पदमार्ग | | ५,००,००० |
| | ५ गुरुका थाना मन्दिर जाने पद मांग | | १०,००,००० |
| | ६ खोरमोर करेचुली पद मांग | | |

३. गत वर्ष ठेक्का प्रक्रियामा रहेका वडा नं. ४ र ११ को आधारभूत स्वास्थ्य केन्द्र भवनको ठेक्का मूल्यांकन गरी आशयको सूचना समेत जारी गरिएको तर आवश्यक जग्गा उपलब्ध नभएको कारणबाट सो समयमा निर्माण व्यवसायी संग सम्झौता हुन नसकेको परिप्रेक्ष्यमा हाल नया ठेक्का बन्दोवस्त गर्दा समय र खर्च समेत वढ्ने देखिएको र सो समयमा प्रयाप्त प्रतिष्पर्धा समेत भएको देखिंदा गत वर्षको ठेक्का प्रक्रियालाइ निरन्तरता दिइ सम्झौता गर्ने निर्णय गरियो ।

४. यस आ.व.मा ५ वटा वडा कार्यालय भवन निर्माण गर्न रु.१ करोड बजेट विनियोजन गरी बाँकी रकम सघ संग समपूरक अनुदान माग गरिएकोमा समपूरक अनुदान प्राप्त हुन नसकेको तथा विनियोजित रकमवाट मात्र भवन निर्माण सम्पन्न नहने हुदा आगामी वर्ष २०७७/७८ मा वाकी एक करोड रकम तथा वडा नं. ४,५,८,११ र १२ को वडा कार्यालय भवन निर्माण गर्न आवश्यक बजेट सुनिश्चित गर्ने गरी उपरोक्त सवै वडा कार्यालय भवनलाइ बहुवर्षिय ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

५. राष्ट्रपती चुरे संरक्षण विकास समितिवाट प्राप्त यस न.पा. अन्तर्गतका कार्यक्रम न.पा. सँग कुनै सरसल्लाह नगरी गुगल नक्साको आधारमा कार्यक्रम बजेट विनियोजन गरेको पाइएको तथा अति आवश्यक ठाउमा वजेट नराखी कुनै पनि बस्ती नभएको तथा कटान नै नभएका ठाउहरुमा योजना परेको देखिदा न.पा.को आवश्यकता र न.पा. संग समन्वय गरेर मात्र योजना अघी वढाउन तथा सो अनुसार योजना संशोधन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

६. वार्षिक बजेटमा विनियोजित टिक्करी मौवावारी खयरभट्टी बनकसवासा मोटरवाटो अधिकांश वन क्षेत्रमा पर्ने र वनवाट स्विकृत पाउन नसकिएको कारण वन्दोवस्त गर्न असहज भएकोले सो सडक उपभोक्ता समिती मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

७. ८५० किलोवाट क्षमताको रानीकुवालघु जलविद्युत आयोजना वडा नं ११ यस न.पा. कै गौरवको आयोजना भएकोले नगरपालिका प्रस्तावक भइ निजी क्षेत्र तथा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संग सहकार्य गरी काम अघि बढाउनको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमाअनुरोध गर्ने निर्णय गरियो ।

८. यस न.पा. अन्तर्गतका ६ वटा स्वास्थ्य चौकीहरुमा आन्तरिक आम्दानी सून्य जस्तै रहेको परिप्रेक्षमा दैनिक प्रशासनीक खर्च चलाउन असुविधा देखिएकोले वार्षिक रु.१२०००/- का दरले ६ वटा स्वास्थ्य चौकीको खातामा अनुदान स्वरुप तथा रु ६००० का दरले स्वास्थ्य इकाईहरुलाई खर्च गरेको विल भरपाईको आधारमा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

९. शितगंगा - २ निवासी पूर्व शिक्षक सुरेश कुमार खड्काले पुनरावेदन अदालतको फैसला वमोजिम हाजीर गराइ पाउ भनी यस कार्यालयमा निवेदन दिएको सन्दर्भमा शिक्षक नियुक्ति तथा पुर्ननियुक्ती गर्ने अधिकार न.पा. लाइ नभएकाले सो सक्कलै निवेदन आवश्यक कारवाहीको लागी शिक्षा विकास तथा समन्वय ईकाइ सन्धिखर्कमा पठाउने निर्णय गरियो ।

१०. प्रदेश सरकारको खानेपानी सरसफाइ तथा स्वच्छता ( वास) कार्यविधि २०७६ बमोजिम वास प्लान तयार गर्नको लागि प्रत्येक वडामा एक महिनाको लागि गणक नियुक्ति गर्ने र निजहरुलाई १,२,३,४,५,६,७ र ८ न वडाको लागि रु २०००० तथा बाँकी वडाहरुको लागि रु २५००० पारिश्रमिक दिने तथा सो खर्च तथा वास प्लान निर्माण गर्दाको अन्य खर्च समेत कन्टिन्जेन्सी रकमवाट खर्च लेख्ने निर्णय गरियो ।

११. कक्षा ८ को मार्कसीटको प्रतिलिपी दस्तुर रु २०० पछि नगरसभावाट अनुमोदन हुने गरी कायम गर्ने निर्णय गरियो ।

**मिति २०७६/८/१ गते नगर कार्यापालिका बैठकका प्रस्तावहरू**

१) प्रदेश नं ५ मा विशेष अनुदानको लागि प्रस्ताव पठाउने सम्वन्धमा

२) वडा नं ६ गोल्डुङ्गामा पहिरो हटाउने सम्वन्धमा ।

३) योजनाको सम्झौता गर्ने अवधि थप गर्ने सम्वन्धमा ।

४) अनुगमन समिति पुर्नगठन सम्वन्धमा ।

५) पालिकास्तरीय पर्यटन प्रवद्धन समितिमा मनोनयन सम्वन्धमा ।

६) सेफ हाउस सञ्चालनार्थ रकम विनियोजन सम्वन्धमा ।

७) विद्युत तथा अन्य पूर्वाधार पुगेका सहकारी संस्थाहरुमा नेट जडान गर्ने सम्वन्धमा ।

८) केरा ब्लक क्षेत्र सिफारिस सम्वन्धमा ।

९) विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धमा ।

१०) वाहय खोप केन्द्र सम्वन्धमा ।

११) योजनाको ठेगाना संशोधन सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ५९३ मिति २०७६/०८/२४ गतेको पत्रबाट माग भएबमोजिम विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ को परिधी भित्र रही तपशिल बमोजिमका योजना/कार्यकमहरु माग गर्ने निर्णय गरियो।

१. आपचौर सिंचाई योजना वडा नं. ६ शितगंगा रु २० लाख

२. कृषि उत्पादन अभिबृद्धी कार्यक्रम शितगंगा न.पा. रु ५० लाख

निर्णय नं. २

गत वर्ष प्रदेशको योजनावाट खनेको गच्छे भालुवङ्ग खण्ड अन्तर्गत वडा नं. ६ स्थित गोल्डुङ्गसाप्रे मोटरवाटोमा गत वर्षामा आएको पहिरोले बाटो अवरोध गरेको र भूमिकास्थान तर्फ पहिरो पन्छाइएको हुँदा सवारी आवागमनमा नियमितता गर्न कन्टिन्जेन्सी रकमवाट बढीमा एक लाख साठी हजार रुपैया भित्र उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं. ३

उपभोक्ता समितिवाट सञ्चालन गरिने योजनाहरुको सम्झौता गर्ने म्याद मंशिर मसान्त सम्म रहेकोमा विविध कारेण वाट केही योजनाहरु सम्झौता गर्न बाँकी रहेको हुँदा अन्तिम पटकको लागि २०७६ पौष मसान्त सम्म म्याद थप गर्ने र सो अवधि सम्म पनि सम्झौता गर्न नआउने योजनाहरुको रकम संचितकोषमा जम्मा गर्ने निर्णय गरियो

निर्णय नं. ४

योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिन विगतमा गठन गरिएको अनुगमन समितिलाई देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर उप प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पूर्वाधार समितिको संयोजक | सदस्य |
| प्राविधिक शाखाको प्रमुख | सदस्य |
| लेखा शाखाको प्रतिनिधी | सदस्य |
| सम्वन्धित बडाको बडाध्यक्ष | सदस्य |
| सम्वन्धित वडा हेर्ने साइट इन्चार्ज | सदस्य |
| योजना शाखाको प्रमुख | सदस्य सचिव |

उक्त समितिमा नगर प्रमुख तथा सम्वन्धित वडाको कार्यपालिका सदस्य लाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिने तथा अनुगमन समिति तथा आमन्त्रित सदस्यलाई समेत अनुगमन हुँदाको दिनमा बैठक भत्ता सरह रु. १००० भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. ५

उद्योग प्रर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं ५ को मिति २०७६।८।१२ च.नं. ११७८ को पत्रानुसार नेपाल भ्रमण वर्ष २०२०, नगर पालिका स्तरीय प्रर्यटन प्रवर्द्धन समितिमा वडाध्यक्ष मध्येवाट वडा नं. २ का वडाध्यक्ष श्री गोर्वधन थापालाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

अल्पकालीन सुरक्षीत आवास गृह (SAFE HOUSE) सञ्चालनको लागि सम्वन्धित संस्थालाई महिला विकास शाखाको कार्यक्रम शिर्षकवाट रु ५०००० भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका भित्रका विद्युत सेवा पुगेका, कार्यालय स्थापना गरि सञ्चालनमा रहेका, कम्प्यूटर प्रीन्टर लगायतका पूर्वाधार पुगी अनलाईन प्रगती विवरण पठाउन चाहने सहकारी संस्थाहरुलाई आगामी वर्षहरुकोवार्षिक शुल्क संस्थाले बेहोर्ने गरी नगरपालिका मार्फत नेट जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकाका वडा नं. ७, ८, ९, १०, ११, १२, १३ र १४ लाई केरा ब्लक क्षेत्रको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

विद्यालय भौतिक पूर्वाधार निर्माण योजना अन्तर्गतको शसर्त बजेटबाट वडाध्यक्षको अनुरोध भएमा ठेक्का वाट नभएमा उपभोक्ता समिति मार्फत दुइ कोठे भवन निर्माण गर्ने गरी निम्न विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

वडा नं. २ जनजागृति आ.वि. मुलावारी

वडा नं. ३ विजय आ.वि. पखेरे

वडा नं. ५ ज्ञानदीप आ.वि बतासे

वडा नं. ७ जनसहभागिता आ.वि बान्द्रे

वडा नं. ९ जनता आ.वि नयावस्ती

वडा नं. १० महेश्वरी आ.वि. लिसिकुना

वडा नं. १३ मालिका आ.वि डढुवा

निर्णय नं. १०

स्वास्थ्य तर्फको शसर्त बजेट तर्फ निम्न स्थानमा बाह्य खोप केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

क) वडा नं. ११ को बाँके ढोडेनी

ख) वडा नं. १३ को मुसियान

निर्णय नं. ११

पाचौं नगरसभावाट बजेट विनियोजन भएका निम्न योजनाहरुको टाइपिङ्गको क्रममा ठेगाना फरक पर्न गएकोले सो ठेगाना संशोधन गरी निम्न अनुसार कायम गर्ने निर्णय गरियो

क) सिख सव्दु मोटरबाटो वडा नं. १ र २

ख) बडार धनवुढा सिंचाइ योजना, वडा नं १